चन्द्रागिरि नगरपालिका
चन्द्रागिरि नगरपालिका

स्थानीय राजपत्र

खण्डः ८ संख्याः ७ मितिः पौष ११ गते, २०८२

सम्वत् २०८२ सालको ऐन नं. ३
स्थानीय स्वास्थ्य सेवा ऐन, २०८२

प्रस्तावना:

स्वस्थ जीवनयापन गर्न पाउने नागरिकको नैसर्गिक अधिकारलाई आत्मसात गर्दै, व्यक्तिको शारीरिक, मानसिक तथा सामाजिक विकासको लागि स्वच्छ, स्वस्थ एवं सुरक्षित वातावरण र गुणस्तरीय स्वास्थ्य सेवाको अपरिहार्यतालाई मनन गर्दै, स्वास्थ्य सेवाबाट कुनै पनि नागरिक बन्चित हुने अवस्था आउन नदिन उपलव्ध स्रोत साधनको समुचित सदुपयोग गर्दै नेपालको संविधानले प्रत्याभूत गरेको निःशुल्क, आधारभूत स्वास्थ्य सेवालाई स्थानीय तहमा व्यवस्थित, जनमुखी र प्रभावकारी बनाउनका लागि आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२१ बमोजिम सोही संविधानको अनुसूची ८ र अनुसूची ९ मा उल्लेखित स्थानीय सरकारको स्वास्थ्य सम्बन्धी अधिकारलाई कार्यान्वयन गर्न स्थानीय सरकार सञ्चालन ऐनको दफा १०२ ले दिएको अधिकार प्रयोग गरी चन्द्रागिरि नगरपालिका, नगर सभाले यो ऐन बनाएको छ ।

परिच्छेद - १

प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम चन्द्रागिरि नगरपालिकाको स्थानीय स्वास्थ्य सेवा ऐन, २०८२ रहेको छ ।

(२) यो ऐन नगर सभाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशित भएपश्चात् लागु हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा-

(क) "ऐन" भन्नाले स्थानीय स्वास्थ्य सेवा ऐन, २०८२ लाई सम्झनुपर्छ।

(ख) "नगरपालिका" भन्नाले चन्द्रागिरि नगरपालिका सम्झनुपर्छ ।

(ग) "कार्यपालिका" भन्नाले चन्द्रागिरि नगरपालिकाको नगर कार्यपालिका सम्झनु पर्छ ।

(घ) "स्वास्थ्य शाखा" भन्नाले नगर कार्यपालिकाको कार्यालयको स्वास्थ्य शाखा सम्झनुपर्छ ।

(ङ) "आयुर्वेद शाखा" भन्नाले नगर कार्यपालिकाको कार्यालयको "आयुर्वेद तथा वैकल्पिक चिकित्सा शाखा" भन्ने सम्झनुपर्छ।

(च) "नगरपालिका क्षेत्र" भन्नाले नगरपालिकाको भूभाग सम्झनुपर्छ।

(छ) "स्वास्थ्य संस्था" भन्नाले प्रचलित कानून बमोजिम

स्थापना भएका, इजाजतपत्र लिएका सरकारी, गैह्रसरकारी, निजी, सामुदायिक र सहकारी रुपमा सञ्चालित दफा ६ र दफा ८ बमोजिमका स्वास्थ्य संस्थालाई जनाउँछ।

(ज) "सरकारी स्वास्थ्य संस्था" भन्नाले चन्द्रागिरि नगरपालिका क्षेत्र भित्र सरकारले संचालन गरेका स्वास्थ्य संस्था सम्झनुपर्छ।

(झ) "नगर अस्पताल वा अस्पताल" भन्नाले नगरपालिकाले सञ्चालन तथा व्यवस्थापन गरेको अस्पताल सम्झनुपर्छ।

(ञ) "गैह्र सरकारी वा निजी स्वास्थ्य संस्था" भन्नाले चन्द्रागिरि नगरपालिका क्षेत्रभित्र प्रचलित कानून बमोजिम सरकारको स्वीकृति र संचालन अनुमति लिई गैह्र सरकारी तथा निजी लगानी वा स्वामित्वमा संचालन गरेका स्वास्थ्य संस्था सम्झनुपर्छ ।

(ट) "सेवा प्रदायक" भन्नाले मान्यताप्राप्त शिक्षण संस्थावाट स्वास्थ्य सेवाका विषयमा निश्चित योग्यता वा तालिम हासिल गरी सम्बन्धित परिषदवाट अनुमति प्राप्त स्वास्थ्य संस्थामा कार्यरत चिकित्सक, जनस्वास्थ्यकर्मी, नर्स तथा अन्य स्वास्थ्यकर्मी सम्झनुपर्छ र सो शब्दले स्वास्थ्य सेवा प्रदान गर्ने अनुमति प्राप्त स्वास्थ्य संस्थालाई समेत जनाउनेछ।

(ठ) "सेवाग्राही" भन्नाले स्वास्थ्य संस्थामा स्वास्थ्य

सेवा लिने व्यक्ति सम्झनुपर्छ।

(ड) "निर्देशिका" भन्नाले यस ऐनको कार्यान्वयन गर्न कार्यपालिकाबाट जारी निर्देशिका सम्झनुपर्छ।

(ढ) "जंक फुड (पत्रु खाना)" भन्नाले फ्याट, चिनी वा नुनको मात्रा आवश्यकताभन्दा बढी प्रयोग भएको प्रशोधित तथा हानीकारक खाद्य सामग्री बुझ्नुपर्छ।

(ण) "चिकित्सक, जनस्वास्थ्यकर्मी, नर्स तथा स्वास्थ्यकर्मी" भन्नाले प्रचलित कानुन बमोजिम स्वास्थ्य सेवा प्रदान गर्न सम्बन्धित परिषदबाट अनुमति प्राप्त व्यक्ति सम्झनुपर्छ।

(त) "अनुगमन समिति" भन्नाले सेवा अनुगमन गर्नका लागि गठित अनुगमन समितिलाई जनाउनेछ ।

(थ) "प्रमुख" भन्नाले नगर प्रमुख सम्झनुपर्छ ।

(द) "उप प्रमुख" भन्नाले नगर उप प्रमुख सम्झनुपर्छ ।

(ध) "स्वास्थ्यमा प्रत्यक्ष रूपमा प्रतिकूल असर" भन्नाले सम्बन्धित गतिविधिको प्रत्यक्ष नतिजास्वरूप पीडित पक्षलाई शारीरिक वा मानसिक रोग लागेको, चोटपटक लागेको, अंगभंग भएको वा मृत्यु भएको भनेर बुझ्नुपर्छ ।

(न) "तोकिए बमोजिम" भन्नाले यस ऐन बमोजिमको नियमावली/कार्यविधि/ मापदण्डमा तोकिएको प्रावधान सम्झनु पर्छ ।

(प) "आधारभूत स्वास्थ्य सेवा" भन्नाले आमनागरिकको स्वास्थ्य आवश्यकता पूर्तिका लागि राज्यबाट सुलभ रुपमा निःशुल्क उपलब्ध हुने प्रबर्द्धनात्मक, प्रतिकारात्मक, निदानात्मक, उपचारात्मक र पुनर्स्थापनात्मक सेवा सम्झनुपर्छ।

(फ) "आकस्मिक उपचार सेवा" भन्नाले आकस्मिक घटना वा आपतकालीन अवस्था परी जीवन जोखिमयुक्त अवस्थामा रहेका व्यक्तिहरूको जीवनलाई जोखिममुक्त गर्न, कुनै अंग गुम्न वा अशक्त हुने अवस्थाबाट बचाउन आवश्यकता अनुसार तत्कालै दिनुपर्ने प्रारम्भिक तथा तत्काल सेवा सम्झनु पर्छ।

(ब) "जनस्वास्थ्य निरीक्षक" भन्नाले जनस्वास्थ्य सम्बन्धी आवश्यक कार्य गर्नका लागि तोकिए बमोजिमको व्यक्ति सम्झनुपर्छ।

(भ) "आधारभूत स्वास्थ्य सेवा केन्द्र" भन्नाले प्रत्येक वडामा हाल रहेका एक वडा एक आधारभूत स्वास्थ्य सेवा केन्द्रको प्रावधान बमोजिम सञ्चालित स्वास्थ्य चौकी तथा शहरी स्वास्थ्य केन्द्रको परिवर्तित नाम सम्झनु पर्नेछ।

(म) "शहरी स्वास्थ्य केन्द्र" भन्नाले प्रत्येक वडामा हाल रहेका एक वडा एक आधारभूत स्वास्थ्य सेवा केन्द्रको प्रावधान बमोजिम सञ्चालित स्वास्थ्य चौकी तथा शहरी स्वास्थ्य केन्द्र र नगर अस्पताल बाहेक बिस्तारित गरिएको सेवा प्रदान गर्ने स्वास्थ्य संस्था सम्झनुपर्नेछ।

परिच्छेद २

स्वास्थ्य सेवा र सेवा प्रदायक

३. **आधारभूत स्वास्थ्य सेवाः** (१) कुनै पनि नागरिकलाई स्वास्थ्य सेवाबाट बञ्चित गरिने छैन। प्रत्येक नागरिकलाई गुणस्तरीय स्वास्थ्य सेवामा सहज र सर्वसुलभ पँहुच हुनेछ।

(२) प्रत्येक नागरिकलाई नेपाल सरकारले तोकेका देहाय बमोजिमका शीर्षकका आधारभूत स्वास्थ्य सेवाहरू साथै बागमती प्रदेश सरकार र कार्यपालिकाले निर्धारण गरेका स्वास्थ्य सेवाहरु निःशुल्क प्राप्त गर्ने हक हुनेछ।

(क) खोप सेवा,

(ख) एकीकृत नवजात शिशु तथा बालरोग व्यवस्थापन, पोषण सेवा, गर्भवती, प्रसव तथा सुत्केरी सेवा, परिवार नियोजन, गर्भपतन तथा प्रजनन स्वास्थ्य जस्ता मातृ, नवजात शिशु तथा बाल स्वास्थ्य सेवा,

(ग) सरुवा रोग सम्बन्धी सेवा,

(घ) नसर्ने रोग तथा शारीरिक विकलाङ्गता सम्बन्धी सेवा,

(ङ) मानसिक स्वास्थ्य सम्बन्धी सेवा,

(च) जेष्ठ नागरिक स्वास्थ्य सम्बन्धी सेवा,

(छ) सामान्य आकस्मिक अस्वस्थताको सेवा

(ज) स्वास्थ्य प्रवर्द्धन सेवा,

(झ) आयुर्वेद तथा वैकल्पिक चिकित्साका विभिन्न सेवाहरु

(३) नेपाल सरकारले निर्धारण गरेका उपदफा (२) बमोजिमका सेवाका अतिरिक्त स्थानीय आवश्यकता र उपलब्ध स्रोत साधनका आधारमा आवश्यकता अनुसार कार्यपालिकाले निर्णय गरी आधारभूत स्वास्थ्य सेवाको सूची थप गर्न सक्नेछ ।

(४) नेपाल सरकारले निर्धारण गरेको मापदण्डमा आधारित रही उपदफा (२) र (३) बमोजिमका आधारभूत स्वास्थ्य सेवाको व्यवस्थापन नगरपालिकाले गर्नेछ ।

(५) उपदफा (२) मा उल्लेख गरिएका सेवाका अतिरिक्त स्थानीय आवश्यकता र अवस्थाअनुसार तोकिएको वर्ग, समूह, लिङ्ग वा क्षेत्रका नागरिकलाई तोकिए बमोजिमका अन्य स्वास्थ्य सेवा समेत कार्यपालिकाले निःशुल्क उपलब्ध गराउन सक्नेछ ।

(६) आधारभूत स्वास्थ्य सेवा व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४. **आधारभूत स्वास्थ्य सेवा प्रदायकः** (१) नगरपालिकाले देहाय बमोजिमका सरकारी स्वास्थ्य संस्था तथा समुदायमा आधारित स्वास्थ्य कार्यक्रमबाट आधारभूत तथा अन्य स्वास्थ्य सेवा सुनिश्चित गर्न सक्नेछ।

(क) आधारभूत अस्पताल (नगर अस्पताल)
(ख) आयुर्वेद अस्पताल
(ग) शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्र
(घ) आयुर्वेद औषधालय
(ङ) आधारभूत स्वास्थ्य सेवा केन्द्र

(च) शहरी स्वास्थ्य केन्द्र

(छ) नागरिक आरोग्य केन्द्र

(ज) नगरस्तरीय प्रयोगशाला

(झ) नगरपालिकाले तोकेका अन्य स्वास्थ्य संस्था

(२) आधारभूत स्वास्थ्य सेवा प्रदान गर्नको लागि आवश्यकता अनुसार नगरपालिकाले पालिका भित्र र बाहिरका अन्य सरकारी, गैरसरकारी, राष्ट्रिय, अन्तरराष्ट्रिय साझेदारी संस्था र निजी स्वास्थ्य संस्थासँग साझेदारी गर्न सक्नेछ।

(३) नगरपालिकाभित्र सरकारले सञ्चालन गरेका वा आधारभूत स्वास्थ्य सेवा दिन भनी सम्झौता गरिएका स्वास्थ्य संस्थामा कुनै पनि नेपाली नागरिकलाई आधारभूत स्वास्थ्य सेवामा बन्देज गरिने छैन ।

(४) आधारभूत तथा अन्य स्वास्थ्य सेवा प्रदान गर्नको लागि आवश्यकता अनुसार नगरपालिकाले अन्य नगरपालिका तथा संस्थासँग सहकार्य गर्न सक्नेछ।

५. **विद्यालय स्वास्थ्य सेवाः** (१) नगरपालिकाले सरकारी तथा निजी शैक्षिक निकाय तथा विद्यालयहरुसँग सहकार्य गरी विद्यालयमा स्वास्थ्य सेवा प्रदान गर्न सक्नेछ ।

(२) विद्यालय स्वास्थ्य सेवा र विद्यालय नर्स सम्बन्धी व्यवस्थाको प्रकृति र मापदण्ड तोकिए बमोजिम हुनेछ ।

६. **फार्मेसी सेवाः** (१) नगरपालिकाले नगरवासीलाई सुपथ मूल्यमा गुणस्तरीय औषधी उपलब्ध गराउने प्रयोजनको लागि छुट्टै नगर फार्मेसी सञ्चालन गर्न सक्नेछ।

(२) अस्पतालले अनिवार्य रुपमा अस्पताल फार्मेसी संचालन गर्नुपर्नेछ।

(३) फार्मेसी सञ्चालन सम्बन्धी अन्य व्यवस्था नेपाल सरकारले निर्धारण गरेको फार्मेसी सञ्चालन निर्देशिका र प्रचलित कानून बमोजिम हुनेछ।

७. **विशेषज्ञ तथा विस्तारित स्वास्थ्य सेवाः** (१) नगरपालिकाले मातहतका स्वास्थ्य संस्था मार्फत प्रचलित मापदण्ड बमोजिम विशेषज्ञ तथा बिस्तारित सेवा प्रदान गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको सेवा प्रदान गर्न नगरपालिकाले अन्य सरकारी, गैरसरकारी, राष्ट्रिय, अन्तर्राष्ट्रिय साझेदारी संस्था र निजी स्वास्थ्य संस्थासँग साझेदारी गर्न सक्नेछ।

(३) स्वास्थ्य सेवामा नगरवासीको पहुँच पुर्‍याउन नगरपालिकाले दूर चिकित्सा (टेलिमेडिसिन), विशेषज्ञ स्वास्थ्य शिविर लगायतका सेवा सञ्चालन गर्न सक्नेछ।

(४) नगरपालिकाले आवश्यकता बमोजिम मातहतका स्वास्थ्य संस्थाबाट विशेषज्ञ सेवा प्रदान गर्न सक्नेछ।

(५) नगरपालिकाले मातहतका स्वास्थ्य संस्थाबाट एक वडा एक चिकित्सकको नीति बमोजिम अनिबार्य चिकित्सकीय सेवा प्रदान गर्नेछ।

८. **महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका कार्यक्रम मार्फत प्रदान गरिने स्वास्थ्य सेवाः** नगरपालिकाले महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका मार्फत प्रचलित कानून बमोजिम स्वास्थ्य सेवा प्रदान गर्न सक्नेछ।

९. **सामुदायिक नर्सिङ घरदैलो स्वास्थ्य सेवाः** नगरपालिकाले सामुदायिक नर्सिङ घरदैलो मार्फत प्रचलित कानून बमोजिम स्वास्थ्य सेवा प्रदान गर्न सक्नेछ।

१०. **शाखाः** (१) आधारभूत स्वास्थ्य सेवा तथा यस ऐन बमोजिम स्वास्थ्य सम्बन्धी नगरपालिकाको अन्य गतिविधि सञ्चालन गर्नको लागि नगर कार्यपालिका मातहत स्वास्थ्य शाखा र आयुर्वेद शाखा रहनेछन्। दुवै शाखाले आ-आफ्नो क्षेत्राधिकार अन्तर्गतका व्यवस्थापकीय कार्य गर्नेछन।

(२) कार्यपालिकाले स्वास्थ्य सेवा प्रवाह व्यवस्थित गर्न शाखा अन्तर्गत आवश्यकता अनुसार उपशाखा र इकाईहरू बनाउन सक्नेछ।

परिच्छेद - ३

स्वास्थ्य संस्था स्थापना तथा सञ्चालन

११. **स्वास्थ्य संस्था स्थापना र सञ्चालनः** (१) नगरपालिका क्षेत्रभित्र आधारभूत स्वास्थ्य सेवा तथा अन्य स्वास्थ्य सेवा प्रदान गर्नको लागि कार्यपालिकाले दफा ४ को उपदफा (१) बमोजिमका स्वास्थ्य संस्था स्थापना तथा संचालन गर्न सक्नेछ।

(२) आधारभूत अस्पताल र आयुर्वेद तथा वैकल्पिक चिकित्सा अस्पताल स्वायत्त रुपमा सञ्चालन हुनेछन्। दुवै अस्पतालको सञ्चालनको लागि अधिकार सम्पन्न अस्पताल सञ्चालन तथा व्यवस्थापन समिति गठन हुनेछन्।

(३) उपदफा (१) बमोजिमका स्वास्थ्य संस्थाको तहगत संरचना र सेवा तथा पूर्वाधारको न्यूनतम मापदण्ड संघीय सरकारले तोके बमोजिम हुनेछ ।

(४) नगरपालिकामा स्वास्थ्य सेवा संचालनको लागि हरेक वडामा कम्तीमा एउटा आधारभूत स्वास्थ्य सेवा केन्द्र रहनेछ। जनसंख्या, भूगोल र सेवाको सहजताको लागि सेवा विस्तार गर्नु परेमा आवश्यकता अनुसार शहरी स्वास्थ्य केन्द्र विस्तार गर्न सकिनेछ।

(५) नगरपालिकाले स्वास्थ्य सेवा सुलभ र सहज रुपमा सञ्चालन गर्न स्थानीय आवश्यकता र औचित्यता अनुसार स्वास्थ्य सेवालाई एकीकृत रुपमा संचालन गर्न सक्नेछ।

(६) नगरपालिकाले अस्पताल र स्वास्थ्य संस्थामा फार्मेसी सञ्चालन गरी नेपाल सरकारले निःशुल्क वितरण गर्न तोकिएको औषधी, स्वास्थ्य बीमामार्फत उपलब्ध हुने औषधीहरुको नियमित उपलब्धता सुनिश्चित गर्नुका साथै सुपथ मूल्यमा अन्य औषधीहरु उपलब्ध गराउनु पर्नेछ।

(७) औषधी सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।

(८) नगरपालिकामा आयुर्वेद सेवामा जनताको सहज पहुँचका लागि नागरिक आरोग्य केन्द्र वडास्तरमा सञ्चालन गर्न सकिनेछ।

१२. **अस्पताल सञ्चालन तथा व्यवस्थापन समिति:** (१) नगरपालिकामा रहेका आधारभूत अस्पताल र आयुर्वेद अस्पतालको व्यवस्थापनको लागि देहाय बमोजिमको अस्पताल व्यवस्थापन समिति हुनेछ ।

(क) नगर प्रमूख - अध्यक्ष

(ख) नगर उपप्रमुख - सदस्य

(ग) सामाजिक विकास समिति संयोजक - सदस्य

(घ) अस्पताल रहेको वडाको अध्यक्ष - सदस्य

(ङ) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(च) स्वास्थ्यसँग सम्बन्धित विज्ञ मध्येबाट अध्यक्षले तोकेको एक जना - सदस्य

(छ) स्थानीय लब्ध प्रतिष्ठित व्यक्ति, समाजसेवी, मध्येबाट अध्यक्षले तोकेको एकजना -सदस्य

(ज) सम्बन्धित शाखा प्रमुख - सदस्य

(झ) अस्पतालको प्रमुख - सदस्य सचिव

(२) व्यवस्थापन समितिको बैठक र सो सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१३. अस्पताल बाहेकका स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापनः (१) नगरपालिका अन्तर्गत रहेका स्वास्थ्य संस्थाको व्यवस्थापनको लागि देहाय बमोजिमको स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समिति हुनेछ ।

(क) स्वास्थ्य संस्था रहेको सम्बन्धित वडाको अध्यक्ष - अध्यक्ष

(ख) स्थानीय प्रतिष्ठित समाजसेवी मध्येवाट अध्यक्षले तोकेको व्यक्ति - सदस्य

(ग) सामाजिक, स्वास्थ्य, शिक्षाक्षेत्रमा कृयाशील

स्थानीय व्यक्तिहरू मध्येबाट अध्यक्षले तोकेको एक महिला सहित २ जना - सदस्य

(घ) महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका मध्ये वडा समितिले तोकेको १ जना - सदस्य

(ङ) महिला जनप्रतिनिधि १ जना - सदस्य

(च) सम्बन्धित स्वास्थ्य संस्था प्रमुख - सदस्य सचिव

(२) समितिले आवश्यकता अनुसार स्थानीय समाजसेवी, विज्ञ, स्थानीय बाल क्लबका अध्यक्ष वा प्रतिनिधि, किशोर किशोरीका प्रतिनिधि, अपाङ्गता भएका व्यक्तिका प्रतिनिधि र कर्मचारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) नगरपालिकाका प्रमुख स्वास्थ्य संस्थाको संरक्षक रहनेछन्।

१४. **पदावधिः** समितिका सम्पूर्ण पदाधिकारी तथा सदस्यहरुको पदावधि नियुक्ति भएको मितिले पाँच वर्षको हुनेछ। तर, मनोनित पदाधिकारीको पदावधि बाँकी रहँदै स्थानीय तहको निर्वाचन सम्पन्न भएमा पदावधि स्वत: समाप्त हुनेछ ।

१५. **पदावधि रिक्त हुनेः** निम्न अवस्थामा मनोनित पदाधिकारी तथा सदस्यको पद रिक्त हुनेछ।

(क) मृत्यु भएमा,

(ख) राजीनामा दिएमा,

(ग) बिना सूचना लगातार तीनपटक समितिको बैठकमा अनुपस्थित भएमा।

(घ) प्रचलित कानून बमोजिम अयोग्य ठहरिएमा।

(ङ) स्वास्थ्य संस्थाको अहित हुने काम गरेको ठहर भएमा।

(च) मनोनितको हकमा अध्यक्ष पदमा नरहेमा वा निजले हटाउन चाहेमा।

१६. **<u>व्यवस्थापन समितिको काम, कर्तव्य अधिकारः</u>** व्यवस्थापन समितिको काम, कर्तव्यर अधिकार देहाय बमोजिम हुनेछः

(क) अस्पतालबाट गुणस्तरीय, प्रभावकारी एवं दीगो सेवा प्रवाहको लागि आवश्यक नीति, योजना तथा कार्यक्रम बनाउने र कार्यान्वयन गराउने,

(ख) सेवा क्षेत्रका जनताको स्वास्थ्य आवश्यकतालाई सम्वोधन गर्ने गरी स्वास्थ्य संस्थाबाट प्रदान गरिने सेवाको कार्यान्वयन गर्ने, गराउने,

(ग) अस्पतालबाट सञ्चालन हुने बार्षिक कार्यक्रमहरुको लक्ष्य अनुरुप कार्यान्वयन तथा उपलब्धीको समीक्षा गर्ने,

(घ) सेवा क्षेत्रभित्रका जनसांख्यिक अवस्थाको लेखाजोखा, स्वास्थ्य समस्या र आवश्यकताको विश्लेषण, जनस्वास्थ्यको समस्याको नक्साङ्कन गरी सो अनुरुप योजना तर्जुमा गर्ने र आवश्यक परेमा कार्यान्वयनका लागि कार्यपालिकासँग समन्वय गर्ने,

(ङ) स्वास्थ्य संस्थाको सबलीकरण, स्वास्थ्य सेवा प्रवाह र जनस्वास्थ्य प्रवर्द्धनका कार्यक्रम

सञ्चालनका लागि समुदाय र संघ-संस्थासँग साझेदारी र सहकार्य गर्ने,

(च) समुदायमा स्वास्थ्य संस्थाबाट प्रदान गरिने सेवा र कार्यक्रमबारे सु-सूचित गर्ने, समुदाय र घरदैलो कार्यक्रममा सहजीकरण गर्ने,

(छ) घरदैलो सेवा, सामुदायिक स्वास्थ्य, विद्यालय स्वास्थ्य वातावरणीय स्वास्थ्य, सरसफाई लगायतका जनस्वास्थ्यका क्रियाकलापको प्रभावकारी व्यवस्थापन र सहजीकरण गर्ने,

(ज) नेपाल सरकारबाट निर्धारण गरेको आधारभूत स्वास्थ्य सेवा प्रवाह र सेवाको न्यूनतम मापदण्ड कार्यान्वयनको सुनिश्चितता गराउने,

(झ) ज्येष्ठ नागरिक, विपन्न वर्ग, अपाङ्गता, बालबालिका, किशोर किशोरी, महिला समूह समेतलाई मध्यनजर राखी सेवाको व्यवस्थापन र कार्यान्वयन गर्ने,

(ञ) अस्पतालमा आवश्यक कर्मचारीको संगठन तथा व्यवस्थापन सर्वेक्षण, कर्मचारी नियुक्ति तथा व्यवस्थापन गर्ने,

(ट) विभिन्न श्रोतबाट प्राप्त आर्थिक तथा वित्तीय श्रोतको कार्यान्वयन गर्ने, नियमित लेखा परीक्षण गराउने

(ठ) स्वास्थ्य संस्थामा भौतिक पूर्वाधार निर्माण, औषधी र स्वास्थ्य उपकरणहरु खरिद तथा नियमित उपलब्धता सुनिश्चित गर्ने,

(ड) अस्पतालमा कार्यरत कर्मचारीहरुको कामको नियमित मूल्याङ्कन गर्ने र कार्य सन्तोषजनक नभएमा सचेत गराउने।

(ढ) अघिल्लो बैठकले गरेका निर्णयहरूको कार्यान्वयनको स्थितिबारे पुनरावलोकन गरी जनस्वास्थ्यका कार्यक्रम तथा स्वास्थ्य सेवा संचालन आदिमा आएका समस्या समाधान गर्न पहल गर्ने र समाधान हुन नसकेका समस्याहरू समाधानका लागि नगरपालिका तथा सम्बन्धित निकायलाई पठाउने,

(ण) नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन बमोजिम स्वास्थ्य सम्बन्धी स्थानीय तहको एकल तथा साझा अधिकारहरू कार्यान्वयनका लागि व्यवस्थापन, समन्वय र सहयोग गर्ने,

(त) महामारी तथा प्राकृतिक प्रकोप जस्ता आकस्मिक स्वास्थ्य सेवाको लागि पूर्व तयारी तथा आवश्यक व्यवस्थापन गर्ने,

(थ) नगरपालिका स्वास्थ्य शाखा तथा आयुर्वेद शाखासँग समन्वय गरी एकीकृत स्वास्थ्य सेवा र अन्य कार्यक्रम कार्यान्वयन र व्यवस्थापन गर्ने।

१७. <u>व्यवस्थापन समितिको कोष</u>: (१) व्यवस्थापन समितिको नाममा एउटा छुट्टै कोष रहनेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरु रहने छन् र स्वास्थ्य संस्थाको खर्च सो कोषबाट व्यहोरिनेछ।

(क) नगरपालिकाबाट प्राप्त अनुदान रकम।

(ख) सम्बन्धित स्वास्थ्य संस्थाको आम्दानी रकम।

(ग) स्वदेशी व्यक्ति, दाता, गुठी वा संस्थाबाट प्राप्त रकम ।

(घ) नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त रकम।

(ङ) व्यवस्थापन समितिको पहलबाट प्राप्त रकम।

(च) स्वास्थ्य संस्थाले सञ्चालन गरेको सेवा वापत प्राप्त रकम।

(३) स्वास्थ्य संस्थालाई प्राप्त हुने सबै प्रकारका आम्दानी उपदफा (१) बमोजिमको कोष खातामा आम्दानी बाँध्नुपर्नेछ।

(४) व्यवस्थापन समितिको तर्फबाट गरिने सम्पूर्ण खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ।

१८. **कोष तथा लेखा संचालनः** (१) स्वास्थ्य संस्थाको व्यवस्थापन समितिको आयव्यय दुरुस्त राख्ने जिम्मा सम्बन्धित स्वास्थ्य संस्था प्रमूखको हुनेछ।

(२) कोषको खाता संचालन व्यवस्थापन समितिले निर्णय गरे बमोजिम "क" वर्गको बैंकमा हुनेछ।

(३) खाता सञ्चालन अस्पतालको हकमा अस्पताल प्रमुख र अस्पताल लेखा प्रमुखको संयुक्त दस्तखतमा हुनेछ।

(४) कोष खाता र खर्च खाताबाट भएको आर्थिक कारोबारको उत्तरदायित्व, जिम्मेवारी र जवाफदेहिता अस्पतालको लेखा प्रमुख र अस्पतालको प्रमुखमा रहनेछ।

१९. **<u>स्वास्थ्य संस्था सञ्चालन अनुमति लिनुपर्ने</u>:** (१) नेपाल सरकारले निर्धारण गरेको मापदण्डका साथै तोकिएको प्रक्रिया पूरा गरेको सुनिश्चित गरी नगरपालिका क्षेत्रभित्र निजी, गैरसरकारी, सामुदायिक वा सहकारी संस्थालाई कार्यपालिकाले देहाय बमोजिमका स्वास्थ्य संस्था संचालनको लागि इजाजतपत्र दिन सक्नेछः

(क) अस्पताल

(ख) स्वास्थ्य क्लिनिक

(ग) आयुर्वेद तथा वैकल्पिक चिकित्सा (होमियोप्याथी क्लिनिक, सोवारिग्पा (आम्ची), फिजियोथेरापी केन्द्र, पुनर्स्थापना केन्द्र, प्राकृतिक उपचार केन्द्र, अकुपन्चर केन्द्र, युनानी उपचार केन्द्र, योग तथा ध्यान केन्द्र तथा शारीरिक व्यायाम केन्द्र, परम्परागत सेवा क्लिनिक) क्लिनिक तथा सेवा केन्द्रहरू

(घ) अन्य क्लिनिकहरू

(ङ) हस्पिस सेवा

(च) जेरियाट्रिक परामर्श केन्द्र

(छ) प्रयोगशाला

(ज) आरोग्य केन्द्र

(झ) आयुर्वेद तथा वैकल्पिक चिकित्साका सेवा सहितका हेल्थ तथा वेलनेस रिसोर्ट

(ञ) होटेल, होमस्टे, रिसोर्ट, आश्रमहरूमा आयुर्वेदका

पञ्चकर्म, योग/ध्यान, स्पा, हर्बलका नाममा हुने सेवा, लगायतका सेवाहरू

(२) इजाजतपत्र प्राप्त नगरी गैरसरकारी वा निजी स्वास्थ्य संस्थाले स्वास्थ्यसँग सम्बन्धित कुनैपनि कार्य गर्न पाउनेछैन।

(३) उपदफा (१) बमोजिमका स्वास्थ्य संस्थाले स्वास्थ्य संस्था सञ्चालनको अनुमति लिन वा नवीकरण गर्न दरखास्त दिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम दिइने दरखास्तको ढाँचा र तिर्नु पर्ने दस्तुर तोकिए बमोजिम हुनेछ।

(५) उपदफा (१) बमोजिमका स्वास्थ्य संस्था दर्ता गर्दा शाखाले तोकिएको प्रकृयाका साथै नगरपालिकाले तोकेको प्रचलित मापदण्ड समेत पूरा भएको सुनिश्चित गर्नेछ।

(६) उपदफा (१) बमोजिमका स्वास्थ्य संस्था दर्ता तथा अनुमति दिनुपूर्व नगरपालिकाको स्वास्थ्य संस्था संचालन मापदण्डमा तोकिए बमोजिमको अनुगमन समितिले आवश्यक अनुगमन गरी तोकिएको मापदण्ड पूरा गरे नगरेको विस्तृत अध्ययन गरी स्वीकृतिको लागि कार्यपालिकामा सिफारिस गर्नुपर्नेछ।

(७) उपदफा (१) बमोजिमका स्वास्थ्य संस्थाले मापदण्डमा तोके बमोजिम सम्बन्धित शाखा समक्ष निवेदन पेश गरी दर्ता नवीकरण वा नवीकरण सिफारिस लिनुपर्नेछ।

(८) कुनै कारणले स्वास्थ्य संस्था बन्द गर्नुपर्ने वा नगरपालिका क्षेत्रबाट अन्यत्र सार्नुपर्ने भएमा सम्बन्धित शाखालाई अग्रिम जानकारी गराउनुपर्ने छ।

(९) यो ऐन जारी हुनु अघि नगरपालिका क्षेत्रभित्र अनुमति लिई संचालित निजी वा गैरसरकारी स्वास्थ्य संस्थाहरू यसै ऐन अन्तर्गत दर्ता भएको मानिने छ र यो ऐन जारी हुँदाका बखतसम्म सञ्चालन अनुमति नलिई संचालित स्वास्थ्य संस्थाको हकमा यो ऐन जारी भएको मितिले ३ महिनाभित्र नगरपालिकाबाट सञ्चालन अनुमति लिइसक्नुपर्नेछ।

(१०) परम्परागत उपचार सेवा संचालन गर्ने निकाय वा व्यक्तिले तोकिएको मापदण्ड र प्रकृया अनुरुप सूचीकृत भई सेवा सञ्चालन स्वीकृति लिनुपर्नेछ।

(११) स्वास्थ्य संस्था सञ्चालन, अनुमति र नवीकरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२०. **दर्ता सिफारिस लिनुपर्नेः** (१) नगरपालिका क्षेत्रभित्र संघीय वा प्रादेशिक तहमा इजाजतपत्र लिई दर्ता भई सञ्चालन हुन चाहने निजीस्तरका स्वास्थ्य संस्थाले स्थापना तथा सञ्चालन र नवीकरणको लागि नगरपालिकाबाट सेवा सञ्चालनपूर्व अनुमति वा दर्ता र नवीकरण सिफारिस लिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम अनुमति वा दर्ता सिफारिस लिने निजी स्वास्थ्य संस्थाले मापदण्ड बमोजिमका शर्तका अतिरिक्त आफ्नो स्वास्थ्य संस्थामा दश प्रतिशत शैयामा अनिवार्य रुपमा नगरपालिकाले सिफारिस गरेका असहाय, गरिब तथा विपन्न नागरिकको निःशुल्क उपचार गर्नुपर्नेछ।

परिच्छेद - ४

स्वास्थ्य संस्थाको गुणस्तर र अनुगमन

२१. **गुणस्तर र पूर्वाधारको मापदण्ड पूरा गर्नुपर्नेः** (१) नगरपालिकाले नगर क्षेत्रभित्रका सबै स्वास्थ्य संस्थाको लागि नेपाल सरकारले बनाएको मापदण्डका आधारमा एक निर्देशिका बनाई लागु गर्नेछ ।

(२) नगरपालिका क्षेत्रभित्रका सबै स्वास्थ्य संस्थाले तोकिएको मापदण्ड अनुरुपको सेवा गुणस्तर पूरा गरेको हुनुपर्नेछ।

२२. **अनुगमन गर्नेः** (१) नगरपालिका क्षेत्रमा सञ्चालित स्वास्थ्य संस्थाहरुको पूर्वाधार, दर्ता, अनुमति, नवीकरण, स्तरोन्नति तथा गुणस्तर कायम सम्बन्धमा नगरपालिकाले अनुगमन गर्नेछ । अनुगमन समिति तोकिए बमोजिम हुनेछ ।

(२) अनुगमनका क्रममा समितिले स्थानीय उपभोक्ता हित संरक्षणको क्षेत्रमा क्रियाशील संस्थाको प्रतिनिधि, सुरक्षा निकायका प्रतिनिधि र पत्रकारलाई समेत आमन्त्रण गर्न सक्नेछ।

(३) अनुगमन समितिले नगरपालिकाबाट इजाजतपत्र लिएका स्वास्थ्य संस्थाको अनुगमन, निरीक्षण तथा मूल्याङ्कन गर्नेछ।

(४) उपदफा (१) बमोजिमको समितिमा सम्बन्धित क्षेत्रका विषयविज्ञ उपलब्ध हुन नसकेको अवस्थामा समितिले प्रादेशिक स्वास्थ्य कार्यालय, अस्पताल वा जिल्लास्थित सम्बन्धित क्षेत्रमा कार्यरत व्यक्तिहरूलाई सदस्यका रुपमा आमन्त्रण गर्न सक्नेछ।

(५) गुणस्तरीयता कायम गरे नगरेको सम्बन्धमा आवश्यक ठानेमा अनुगमन समितिले जुनसुकै बेला निरीक्षक खटाउन सक्नेछ।

(६) उपदफा (१) बमोजिम अनुगमन निरीक्षण गर्दा नगरपालिकाको प्रतिनिधिका साथै तोकिएको योग्यता भएको विज्ञ सम्मीलित अनुगमन समितिमार्फत गर्नेछ। विज्ञ उपलब्ध गराउन सम्बन्धित विषयका प्रादेशिक तथा संघीय तहका नियामक निकाय तथा अन्य विशेषज्ञ संस्थासँग सहकार्य गर्न सक्नेछ ।

(७) निजी तथा गैरसरकारी स्वास्थ्य संस्थाको हकमा अनुगमनका क्रममा पूर्वाधार वा गुणस्तरको मापदण्ड पालना नगरेको पाईएमा अनुगमन समितिले वस्तुस्थितिको मुचुल्का बनाई आवश्यकता अनुसार सम्बन्धित स्वास्थ्य संस्थालाई सचेत गराउने वा सिलबन्दी गर्न सक्नेछ र कारवाहीका लागि कार्यपालिकामा सिफारिस गर्नेछ ।

(८) अनुगमन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२३. **सेवा शुल्क निर्धारण र पुनरावलोकनः** (१) कार्यपालिकाले नगरपालिका क्षेत्रभित्रका अस्पताल लगायतका स्वास्थ्य संस्थाबाट प्रदान हुने स्वास्थ्य सेवाको अधिकतम शुल्क निर्धारण तथा पुनरावलोकन गर्न सक्नेछ र सो को कार्यान्वयन भए नभएको नियमित अनुगमन गर्नेछ।

परिच्छेद ५

सरसफाई, स्वास्थ्यजन्य फोहोर व्यवस्थापन तथा स्वस्थ वातावरण

२४. **सरसफाई तथा प्रदूषण रोकथामः** (१) कुनै पनि व्यक्ति वा निकायले कुनै पनि प्रकारको फोहोर कार्यपालिकाले तोकेको स्थान बाहेक अन्यत्र विसर्जन गर्न पाइने छैन । यसका लागि कार्यपालिकाले उपयुक्त प्रकृया र विधि निर्धारण गर्नेछ।

(२) नगरपालिका क्षेत्रभित्र जल, जमिन, वायु र ध्वनि प्रदूषणको रोकथाम गर्नु नगरपालिका क्षेत्रका सबै वासिन्दा तथा संस्था र निकायको जिम्मेवारी हुनेछ।

(३) कार्यपालिकाले जनस्वास्थ्यमा प्रतिकूल असर पार्ने जल, जमिन, वायु र ध्वनि प्रदूषण रोकथामको लागि संघीय मापदण्ड अनुसारको स्थानीय मापदण्ड तथा निर्देशिका बनाई लागु गर्न सक्नेछ।

(४) जनस्वास्थ्यमा प्रतिकूल असर पार्ने किसिमले जल, जमिन, वायु र ध्वनि प्रदूषण गरेको पाइएमा कार्यपालिकाले प्रचलित कानून बमोजिम कारवाही गर्न सक्नेछ।

(५) कार्यपालिकाले सामुदायिक सरसफाई सम्बन्धी निर्देशिका बनाई लागु गर्नेछ ।

(६) फोहोरमैला व्यवस्थापनले मानव स्वास्थ्यमा पारेको वा पार्ने प्रभावको जाँच परीक्षण र अनुसन्धान गर्ने अधिकार सम्बन्धित जनस्वास्थ्य अधिकारीसँग हुनेछ ।

(७) जाँच परीक्षणमा कुनै निकायमा फोहोरमैला व्यवस्थापन प्रभावकारी हुन नसकी मानव स्वास्थ्यमा प्रतिकूल प्रभाव पारेको भेटिएमा सम्बन्धित जनस्वास्थ्य अधिकारीले उक्त निकायलाई समयमै सचेत गराई आवश्यक कारवाहीका लागि सिफारिस गर्नेछ।

(८) फोहोरमैला व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।

२५. **स्वास्थ्यजन्य फोहोर व्यवस्थापनः** (१) स्वास्थ्य सम्बन्धी फोहोरमैलाको छुट्टाछुट्टै संकलन, पुनः उपयोग, प्रशोधन, विसर्जन र सोको सेवा शुल्क निर्धारण र नियमनको लागि कार्यपालिकाले निर्देशिका बनाई लागु गर्नेछ ।

(२) कार्यपालिकाले स्वास्थ्य क्षेत्रबाट निस्कासित फोहोरमैला व्यवस्थापनमा निजी तथा गैह्रसरकारी क्षेत्रसँग समेत सहकार्य र साझेदारी गर्न सक्नेछ।

परिच्छेद - ६

जनस्वास्थ्य निरीक्षण र प्रवर्द्धन

२६. **जनस्वास्थ्य निरीक्षणः** (१) कार्यपालिकाले जनस्वास्थ्यमा प्रतिकूल असर पार्ने गतिविधि र वस्तुबाट आमजनतालाई सुरक्षित गर्नको लागि त्यस्ता गतिविधि र वस्तुको अनुगमन, नियमन र नियन्त्रण गर्नेछ।

(२) खाद्य, वातावरण, पानी लगायत जनस्वास्थ्यका अन्य पक्षहरूको गुणस्तर अनुगमन तथा निरीक्षण गर्न

कार्यपालिकाले संघ तथा प्रदेशसँगको समन्वयमा आवश्यक मात्रामा जनस्वास्थ्य निरीक्षकहरू परिचालन गर्न सक्नेछ।

(३) जनस्वास्थ्य निरीक्षणको क्रममा कुनै व्यक्ति वा संस्थाले यस ऐन र प्रचलित कानून विपरित जनस्वास्थ्यमा प्रतिकूल असर पर्ने गतिविधि गरेको पाइएमा जनस्वास्थ्य निरीक्षकले वस्तुस्थितिको मुचुल्का बनाई उक्त गतिविधि तत्कालको लागि बन्द गराई कारवाहीका लागि सिफारिस गर्नेछ।

२७. **खाद्य तथा पानीको गुणस्तरः** (१) कार्यपालिकाले प्रचलित संघीय र प्रादेशिक मापदण्डको आधारमा नगरपालिका क्षेत्रभित्र बिक्री तथा वितरण हुने खानेपानी तथा खाद्य सामग्रीको गुणस्तर मापदण्डका साथै त्यसका बिक्रेता वा आपूर्तिकर्ताको मापदण्ड बनाई लागु गर्नेछ।

(२) कार्यपालिकाले संघीय तथा प्रादेशिक तहबाट स्थापित खानेपानी तथा खाद्य सामग्री गुणस्तर मापदण्डको आधारमा स्थानीय मापदण्ड बनाई खानेपानी तथा खाद्य सामग्रीका बिक्रेता तथा आपूर्तिकर्तालाई सञ्चालन अनुमति दिनेछ।

(३) कार्यपालिकाले नियमित रूपमा मापदण्ड पालना भए-नभएको सन्दर्भमा जनस्वास्थ्य निरीक्षक खटाई अनुगमन तथा निरीक्षण गर्नेछ।

(४) कार्यपालिकाले योजना बनाई नगरपालिका क्षेत्रभित्र अस्वस्थकर खाद्य पदार्थको उपभोग निरुत्साहित पार्ने तथा सन्तुलित आहार सम्बन्धी चेतनामूलक कार्यक्रम सञ्चालन गर्नेछ।

(५) कार्यपालिकाले नगरपालिका क्षेत्रभित्र खानेपानीको गुणस्तर सुनिश्चित गर्न खानेपानीका स्रोतको उचित संरक्षण गर्नेछ।

(६) कार्यपालिकाले खाद्य सामग्रीको उत्पादन तथा वितरणमा कीटनाशक औषधी वा मानव स्वास्थ्यको प्रतिकूल हुने रसायनको प्रयोगको अनुगमन तथा नियन्त्रण गर्नेछ।

(७) खाद्यान्न, मासु र पानी लगायतका उपभोग्य बस्तु उत्पादन, भण्डारण तथा बिक्री वितरणका क्रममा तोकिए बमोजिमको न्यूनतम मापदण्ड अनिवार्य पालना गर्नुपर्ने छ।

(८) माथि उल्लेखित संस्थाहरूले वितरण गर्ने खाद्य पदार्थले मानव स्वास्थ्यमा पारेको वा पार्ने प्रभावको जाँच परीक्षण र अनुसन्धान गर्ने अधिकार सम्बन्धित जनस्वास्थ्य अधिकारीसँग हुनेछ। यसरी जाँच परीक्षण गर्दा निरीक्षकले संघीय सरकारले तोकेको मापदण्डलाई समेत आधार बनाउनुपर्नेछ।

(९) जाँच परीक्षणमा कुनै संस्थाले वितरण गरेको खाद्य पदार्थले मानव स्वास्थ्यमा प्रतिकूल प्रभाव पारेको वा कुनै व्यक्ति बिरामी परेको यथेष्ठ प्रमाण भेटिएमा सम्बन्धित जनस्वास्थ्य अधिकारीले उक्त संस्थाको सञ्चालन अनुमति तोकेको समयका लागि कारवाहीका लागि सिफारिश गर्न सक्नेछ।

२८. **अखाद्य पदार्थ, मदिरा तथा सुर्तीजन्य पदार्थको नियमनः** (१) कार्यपालिकाले सुर्ती, मदिरा तथा अखाद्य पदार्थलाई नियमन गर्न नेपाल सरकारले तोकेको मापदण्डलाई आधार मानी सुर्ती, मदिरा तथा अखाद्य पदार्थको बिक्री तथा वितरणलाई नियमन, नियन्त्रण तथा मर्यादित बनाउन निर्देशिका बनाई कार्यान्वयन गर्नेछ ।

(२) सुर्ती तथा मदिराजन्य पदार्थ बिक्री वितरणका लागि सम्बन्धित निकायबाट छुट्टै इजाजतपत्र लिनुपर्नेछ।

(३) खाद्य पदार्थ बिक्री गर्ने पसलमा सुर्ती तथा मदिराजन्य पदार्थ वितरण गर्न बन्देज लगाउन सक्नेछ।

(४) सुर्ती तथा मदिराजन्य पदार्थ बिक्री वितरण र प्रयोगमा नियन्त्रण एवं न्यूनीकरण गर्न कार्यपालिकाले निषेधित र बिक्री वितरणका लागि खुला क्षेत्र तोक्न सक्नेछ।

(५) नगरपालिकाभित्र मदिरा, चुरोट, सुर्ती लगायत मानव स्वास्थ्यलाई गम्भीर असर गर्ने सामग्रीको विज्ञापन गर्न पाइने छैन।

(६) अठार वर्ष मुनिका बालबालिकालाई सुर्तीजन्य वा मदिराजन्य पदार्थ बिक्री वितरण गर्न पाइने छैन।

(७) विद्यालय लगायतका स्थानमा जंक फुडको बिक्री वितरण, प्रचार र उपभोग निषेधित गरिनेछ ।निषेधित क्षेत्रमा जंक फुडको बिक्री वितरण, प्रचार गरेको पाइएमा सम्बन्धित विद्यालय तथा त्यस्तो जंक फुडको बिक्री वितरण वा प्रचार गर्ने व्यक्ति वा संस्था वा दुवैलाई तोकिए बमोजिम कारवाही हुनेछ ।

(८) सुर्ती तथा मदिराजन्य पदार्थ नियन्त्रण र नियमन सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।

२९. **स्वास्थ्य संस्था/अस्पताल भवन निर्माण तथा पूर्वाधारः** नगरपालिकाभित्र स्वास्थ्य संस्था/अस्पतालका भवन र पूर्वाधार निर्माण गर्दा जनस्वास्थ्य मैत्री हुनुपर्नेछ, यसमा भवन संहिता र मापदण्डको पालना तथा भूकम्प प्रतिरोधी एवं अपाङ्गमैत्री हुनुपर्नेछ ।

३०. **जनस्वास्थ्यमैत्री वस्ती विकास तथा शहरीकरणः** जनस्वास्थ्यमैत्री बस्ती विकास तथा शहरीकरण प्रबर्धन गर्नु नगरपालिकाको दायित्व हुनेछ ।

परिच्छेद ७

स्वास्थ्य पूर्वाधार र जनशक्ति व्यवस्थापन

३१. **स्वास्थ्य पूर्वाधार र मापदण्डः** (१) नगरपालिकाले आफ्नो क्षेत्राधिकारभित्रका स्वास्थ्य संस्थामा उपलब्ध स्वास्थ्य सम्बन्धी भौतिक पूर्वाधारको संरक्षण र संवर्द्धन गर्नेछ ।

(२) नेपाल सरकारले निर्धारण गरेको स्वास्थ्य संस्थाको वर्गीकरण र प्रचलित स्वास्थ्य पूर्वाधार बमोजिम नगरपालिकाले न्यूनतम मापदण्ड बनाई स्वास्थ्य संस्थाका पूर्वाधारको निर्माण तथा मर्मतसम्भार गर्नेछ।

(३) स्वास्थ्य सम्बन्धी भौतिक पूर्वाधारको मर्मत सम्भारको लागि कार्यपालिकाले कूल निर्माण पूँजीको निश्चित प्रतिशत मर्मतसम्भारको लागि वार्षिक बजेट छुट्टाउने छ ।

(४) नगरपालिकाले आफ्नो स्वामित्व रहेका स्वास्थ्य संस्थाहरूमा स्वास्थ्य संस्थाको वर्गीकरण तथा पूर्वाधार मापदण्डअनुसार न्यूनतम औजार-उपकरणहरूको उपलब्धता सुनिश्चित गर्नेछ ।

(५) उपदफा (२) बमोजिम नगरपालिकाले मापदण्ड नबनाएसम्म नेपाल सरकारको प्रचलित मापदण्ड बमोजिम हुनेछ।

३२. **<u>जनशक्तिको व्यवस्थापनः</u>** (१) नगरपालिका भित्रका स्वास्थ्य संस्थामार्फत आधारभूत स्वास्थ्य सेवा प्रवाहको लागि देहाय बमोजिमको जनशक्ति रहनेछ।

(क) स्थायी (नेपाल सरकारको स्वास्थ्य सेवाबाट समायोजन भई आएका स्वास्थ्य जनशक्ति र लोकसेवा आयोगबाट पदपूर्ति हुने स्थायी जनशक्ति)

(ख) नगरपालिकाबाट करार (करार सेवामा भर्ना गरिएका जनशक्ति)

(ग) अस्पतालले संगठन तथा व्यवस्थापन सर्भेक्षण गरी नियुक्त गरेका चिकित्सक तथा स्वास्थ्यकर्मी र अन्तरिक श्रोतबाट नियुक्त अन्य विशेषज्ञ चिकित्सक तथा कर्मचारी

(घ) छात्रवृत्ति करार (छात्रवृत्ति प्राप्त गरी अध्ययनरत विद्यार्थीहरूले अनिवार्य सेवा गर्नुपर्ने जनशक्ति तथा नगरपालिकाको पूर्ण वा आंशिक रुपमा सहयोग प्राप्त गरी अध्ययन गरेका विद्यार्थी)

(ङ) स्थानीय स्वास्थ्य सहयोगी

(२) नगरपालिकाले स्वीकृत संरचना अनुरूपको आवश्यक जनशक्ति स्थायी र करार कर्मचारीबाट पदपूर्ति गर्नेछ।

(३) नगरपालिकाले जनशक्तिको क्षमता अभिवृद्धिको लागि प्रादेशिक वा संघीय तहका सम्बन्धित निकाय वा अन्य संस्थाको सहयोगमा आवश्यकता अनुसार तालिम तथा प्रशिक्षण गराउनेछ।

(४) नगरपालिका क्षेत्रभित्र स्वास्थ्यकर्मीहरूको लागि कार्यमैत्री वातावरण तथा पेशागत सुरक्षाको व्यवस्था हुनेछ ।

(५) जनशक्ति व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था प्रचलित कानुन र तोकिए बमोजिम हुनेछ।

३३. <u>पदपूर्तिः</u> (१) नगरपालिकाका स्वास्थ्य सेवाका कर्मचारीहरू स्थानीय सेवा ऐन बमोजिम प्रदेश लोकसेवा आयोगबाट पदपूर्ति हुनेछ ।

(२) उपदफा (१) बमोजिम स्थानीय सेवा ऐन जारी नभएसम्मका लागि प्रचलित कानून बमोजिम स्वीकृत संरचना अनुरूपको आवश्यक जनशक्ति नगरपालिकाको अनुरोधमा प्रदेश लोकसेवा आयोगबाट पदपूर्ति गर्न बाधा पर्ने छैन ।

(३) अस्पतालको लागि आवश्यक जनशक्ति अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिले तथा अन्य स्वास्थ्य संस्थाको हकमा नगरपालिकाले करारमा लिन सक्नेछ ।

३४. <u>सरुवा गर्न सक्नेः</u> (१) नगरपालिकाले आफू अन्तर्गतको स्वास्थ्य सेवाको कुनै कर्मचारीलाई प्रचलित कानूनको अधीनमा रही तथा स्वास्थ्य संस्थाको कार्यभारको आधारमा एउटा स्वास्थ्य संस्थाबाट अर्को स्वास्थ्य संस्थाको समान पदमा सरुवा गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम सरुवा गर्दा कर्मचारी कार्यरत स्वास्थ्य संस्थाबाट प्रवाह हुने सेवालाई प्रतिकूल प्रभाव पार्न पाइने छैन।

(३) उपदफा (१) बमोजिम कर्मचारी सरुवा गर्दा लिइने आधार तथा मापदण्ड नगरपालिकाले तोकेबमोजिम हुनेछ।

३५. <u>काजमा खटाउन सकिनेः</u> (१) नगरपालिकाभित्रको स्वास्थ्य

सेवालाई व्यवस्थित गर्न आफू मातहतको स्वास्थ्य संस्थाको कुनै स्थायी कर्मचारीलाई अर्को स्वास्थ्य संस्थामा काजमा खटाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम काजमा खटाउँदा कर्मचारी कार्यरत स्वास्थ्य संस्थाबाट प्रवाह हुने सेवालाई प्रतिकूल प्रभाव पार्न पाइने छैन।

३६. **विशेष पदको सृजनाः** (१) नगरपालिकाले देहायको अवस्थामा विशेष पदको सृजना गर्न सक्नेछ :–

(क) कुनै कर्मचारी छात्रवृत्ति प्राप्त गरी वा नगरपालिकाको स्वीकृतिमा अध्ययन वा ३ महिना भन्दा लामो अवधिको तालिममा खटिएमा,

(ख) कुनै कर्मचारीले ३ महिना भन्दा बढी बिदा लिई बसेमा,

(ग) नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्थाको संगठन संरचना तयार गर्दा फाजिलमा परेको कर्मचारीको पदाधिकार कायम राख्नु पर्ने भएमा।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि स्वास्थ्य संस्थाबाट विशेषज्ञ सेवा वा अतिरिक्त स्वास्थ्य सेवा प्रदान गर्ने प्रयोजनका लागि विशेष पदको सृजना गर्न सक्नेछ।

(३) उपदफा (१) र (२) को अवस्था विद्यमान नरहेमा त्यसरी सृजना भएको विशेष पद स्वतः खारेज भई कर्मचारी स्वतः अवकाश हुनेछ।

(४) यस दफा बमोजिमको विशेष पदमा पदपूर्ति गर्दा योग्यता प्रणाली अवलम्बन गरी खुला प्रतिस्पर्धाबाट छनौट गरी करार सेवामा कर्मचारी नियुक्ति हुनेछ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखेको भए तापनि नगरपालिकामा विपद् वा जनस्वास्थ्य सम्बन्धी आपतकालीन अवस्था सिर्जना हुँदा वा यस ऐन बमोजिम आधारभूत स्वास्थ्य सेवा उपलब्ध गराउन कार्यपालिकाले अवस्था र आवश्यकता हेरी करारमा अतिरिक्त स्वास्थ्य जनशक्ति थप गर्न यो दफाले बाधा पुर्‍याउने छैन।

३७. **कर्मचारीको सेवा शर्त र सुविधा सम्बन्धी व्यवस्था**: (१) नगरपालिकाभित्रको स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीहरूको सेवा शर्त सम्बन्धी व्यवस्था स्थानीय सेवा ऐन बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिमको ऐन नबनेसम्म कर्मचारीको सेवा शर्त सम्बन्धी व्यवस्था निज नियुक्त हुँदाका बखत कायम रहेको प्रचलित कानून बमोजिम हुनेछ ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखेको भए तापनि नगरपालिकाले स्थानीय स्रोत साधनको उपलब्धता र कार्यबोझको प्रकृति हेरी स्वास्थ्यकर्मीलाई उत्प्रेरित गर्न प्रोत्साहन स्वरुप अतिरिक्त सुविधा उपलब्ध गराउन तथा जिम्मेवारी पूरा नगरेमा कानून बमोजिम कारवाही गर्न बाधा पुग्ने छैन।

(४) स्वास्थ्य अभियानकर्ता र महिला स्वास्थ्य स्वयंसेविकाहरूको योग्यता, नियुक्तिको प्रकृया, सेवासुविधा र तालिम सम्बन्धमा कार्यपालिकाले छुट्टै कार्यविधि बनाई व्यवस्थित गर्नेछ।

३८. **सेवा करार गर्न सकिनेः** नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्थामा चिकित्सक वा अन्य स्वास्थ्यकर्मीको पद स्थायी पदपूर्ति नभएसम्म प्रचलित कानून र मापदण्ड अनुसार स्वीकृत दरबन्दीमा सेवा करार गरी कामकाजमा लगाउन सक्नेछ।

३९. **कार्यसम्पादन करार गर्नुपर्नेः** (१) स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन कार्यपालिकाले कर्मचारीहरूसँग छुट्टाछुट्टै कार्यसम्पादन करार गर्न सक्नेछ।

(२) कार्यसम्पादन करार अनुसार काम भए नभएको सम्बन्धमा कार्यपालिकाले कर्मचारीको कार्यक्षमताको मूल्याङ्कन गरी राम्रो काम गर्ने कर्मचारीलाई प्रोत्साहन स्वरुप पुरस्कृत गर्न सक्नेछ।

परिच्छेद - ८

विपद व्यवस्थापन र जनस्वास्थ्य निगरानी

४०. **विपद व्यवस्थापन संयन्त्रः** (१) कार्यपालिकाले सम्भावित महामारी लगायतका जनस्वास्थ्य विपदहरूको पूर्वतयारी, जाँचपड्ताल, व्यवस्थापन र जोखिम न्यूनीकरणको लागि उपयुक्त संयन्त्रसहितको प्रबन्ध गर्नेछ ।

(२) सम्भावित महामारीको जोखिम पहिचान गरी तिनको रोकथामको लागि अन्य संस्था तथा निकायसँगको सहकार्यमा योजना बनाई कार्यान्वयन गर्नेछ ।

(३) नगरपालिकाले महामारी र विपदबाट थप क्षति हुन नदिन स्थानीय संयन्त्र परिचालन गर्न र थप सहयोगको लागि

अन्य स्थानीय सरकार, प्रदेश र संघीय सरकारसँग अनुरोध गर्न सक्नेछ।

४१. **जनस्वास्थ्य आपतकालः** (१) महामारी वा जनस्वास्थ्यमा अन्य कुनै गम्भीर खतरा देखिएमा नगरपालिका प्रमुखले प्रदेश तथा संघीय सरकारसँग समन्वय गरी स्थानीय जनस्वास्थ्य अधिकारीको सिफारिसमा आफ्नो क्षेत्रभित्र जनस्वास्थ्य आपतकाल घोषणा गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिम आपतकालीन स्वास्थ्य अवस्था घोषणा गर्दा विस्तृत प्राविधिक जानकारी, कति समयका लागि हो सो र कुन कुन क्षेत्रमा सो लागु हुने हो सो समेत स्पष्ट उल्लेख गर्नुपर्नेछ।

(३) आपतकालीन स्वास्थ्य अवस्था घोषणा सम्बन्धी जानकारी सम्बन्धित सबैका लागि सार्वजनिक माध्यमबाट प्रचार प्रसार गर्नुपर्नेछ।

(४) आपतकालीन स्वास्थ्य अवस्थाको समयावधि क्षेत्र लगायत तथा अन्य पक्षहरूमा उपलब्ध तथ्यांक तथा सूचनाका आधारमा थपघट वा हटाउन समेत सकिनेछ ।

(५) जनस्वास्थ्य आपतकालको क्रममा रोगको रोकथाम र जनस्वास्थ्यमा परेको खतरा नियन्त्रणका लागि जनस्वास्थ्य अधिकारीको सिफारिशमा प्रमुखले जारी गरेका जनस्वास्थ्य सम्बन्धी आदेशहरूको पालना गर्नु सबैको कर्तव्य हुनेछ ।

(६) नगरपालिकाले महामारी र आपतकालीन अवस्थामा थप क्षति हुन नदिन स्थानीय संयन्त्र परिचालन गर्न र थप सहयोगको लागि विभिन्न संघसंस्था अन्य स्थानीय सरकार, प्रदेश र संघीय सरकारसँग अनुरोध गर्न सक्नेछ।

परिच्छेद - ९

औषधि तथा स्वास्थ्य उपकरणको खरिद तथा भण्डारण, वितरण, नियमन

४२. **खरिद योजना बनाउनुपर्नेः** (१) शाखाले आफ्नो क्षेत्र भित्र वार्षिक रुपमा आवश्यक पर्ने औषधी तथा स्वास्थ्यजन्य सामग्रीको खरिद तथा व्यवस्थापन गर्न खरिद योजना बनाई स्वीकृत गराउनुपर्नेछ।

(२) खरिद योजना सम्बन्धित शाखाले तयार गर्नेछ।

(३) खरिद योजना तयार गर्दा नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्थाबाट वितरण गर्ने औषधीको माग आपूर्ति र भण्डारको अवस्था समेत हेरी तयार पारिनेछ।

(४) यस दफामा माथि जुनसुकै कुरा लेखिएको भए तापनि आवश्यकता अनुसार एक आ.व. मा एकपटक वा एकपटकभन्दा बढी वा बहुवर्षीय वा दुवै किसिमका खरिद योजना बनाउन बाधा पर्नेछैन।

(५) अस्पतालले वार्षिक रुपमा आवश्यक पर्ने औषधी तथा स्वास्थ्यजन्य सामग्री तथा उपकरणको खरिद तथा व्यवस्थापन गर्न खरिद योजना बनाई अस्पताल व्यवस्थापन समितिबाट स्वीकृत गराउनु पर्नेछ।

४३. **औषधी तथा स्वास्थ्यजन्य सामग्रीको खरीदः** (१) अस्पताल बाहेकका स्वास्थ्य संस्थाहरुको लागि औषधी तथा स्वास्थ्यजन्य सामग्रीको खरिदका लागि नगरपालिकाको सम्बन्धित शाखाले प्रक्रिया अगाडि बढाउनेछ।

(२) अस्पतालको लागि आवश्यक औषधी तथा स्वास्थ्यजन्य सामग्री तथा उपकरण लगायत अन्य सामग्रीको खरिद अस्पताल आफैंले गर्नेछ।

(३) औषधी तथा स्वास्थ्यजन्य सामग्रीको खरिद कार्य विद्यमान सार्वजनिक खरिद ऐन, सार्वजनिक खरिद नियमावली र प्रचलित कानून बमोजिम हुनेछ।

४४. **औषधी तथा स्वास्थ्यजन्य सामग्रीको भण्डारणः** (१) खरिद गरिएको औषधी तथा स्वास्थ्य उपकरणको सुरक्षित भण्डारणको लागि प्रचलित मापदण्ड पूरा हुने गरी छुट्टै भण्डारण कक्षको व्यवस्था गर्नुपर्नेछ।

(२) नगरपालिकाबाट प्राप्त गरेको उपकरण र औषधी तथा औषधी वितरण सम्बन्धी विस्तृत विवरण सम्बन्धित स्वास्थ्य संस्थाले त्रैमासिक रुपमा सम्बन्धित शाखामा बुझाउनु पर्नेछ।

(३) स्वास्थ्य संस्थाले उपदफा (२) बमोजिम बुझाएको विवरणका आधारमा स्वास्थ्य संस्थामा मौज्दात रहेको औषधीको अवस्था हेरी नियमित रुपमा थप औषधी उपलब्ध गराउनेछ।

४५. **निःशुल्क औषधीः** शाखाले दफा (३) बमोजिम निःशुल्क औषधी आफू मातहतका स्वास्थ्य संस्था मार्फत् वितरण गर्नेछ।

४६. **नियमनः** कार्यपालिकाले संघीय तथा प्रादेशिक तहका प्रचलित कानुनसमेतलाई आधार मानी नगरपालिका क्षेत्रभित्र औषधीको बिक्री, वितरण तथा प्रयोगको नियमन गर्नेछ।

परिच्छेद - १०

साझेदारी र सहकार्य

४७. **साझेदारी र सहकार्य गर्न सक्ने**ः (१) नगरपालिकाले स्वास्थ्य सेवा प्रवाह गर्न निजी, सरकारी, गैरसरकारी संस्था र अन्य अन्तर्राष्ट्रिय संघसंस्था तथा निकायसँग सहकार्य गर्न सक्नेछ।

(२) सेवा प्रवाहको सुलभता वा खर्च न्यूनीकरणको लागि कार्यपालिकाले अन्य स्थानीय सरकारसँग सहकार्य गरी आफ्नै क्षेत्रभित्र वा नजिकको पायक पर्ने स्थानीय तहमा सञ्चालित स्वास्थ्य संस्थामार्फत सेवा प्रवाह गराउन सकिनेछ।

(३) उपदफा (२) बमोजिमको सहकार्य गर्न कार्यपालिकाले अन्य नगरपालिकासँग लक्षित जनसंख्याको अनुपातको आधारमा वा सेवाग्राही संख्याको अनुपातको आधारमा खर्च बाँडफाँड गर्ने गरी संयुक्त सेवा सम्झौता गर्न सक्नेछ।

४८. **सेवा खरिद सम्झौता गर्न सक्ने**ः नगरपालिका क्षेत्रका बासिन्दालाई स्वास्थ्य सेवा सुनिश्चित गर्नको लागि कार्यपालिकाले नगरपालिका क्षेत्रभित्र सञ्चालित वा नगरपालिका आसपासमा पायक पर्ने स्थानमा सञ्चालित निजी, गैरसरकारी, सामुदायिक, सरकारी वा सहकारी संस्थाले सञ्चालन गरेका स्वास्थ्य संस्थासँग सेवा खरिद सम्झौता गर्न सक्नेछ।

४९. **गाउँघर क्लिनिक सम्बन्धी व्यवस्था**ः (१) नगरपालिका आफैंले वा अन्य संघ संस्थासँगको साझेदारीमा आवश्यकता अनुसार प्रत्येक वडामा गाउँघर क्लिनिक मार्फत् स्वास्थ्य सेवा प्रदान गर्न सक्नेछ।

(२) निजी तथा गैरसरकारी संस्थाले स्वास्थ्य सम्बन्धी शिविर वा स्वास्थ्य सम्बन्धी अन्य सेवा तथा कार्यक्रमहरु प्रचलित कानुनबमोजिम अनुमति लिई सम्बन्धित शाखाको समन्वयमा सञ्चालन गर्नुपर्नेछ।

(३) गाउँघर क्लिनिक वा अन्य सेवाहरु प्रदान गर्दा पूरा गर्नुपर्ने प्रकृया र मापदण्ड कार्यपालिकाले तोके बमोजिम हुनेछ।

परिच्छेद - ११

स्वास्थ्य सूचना प्रणाली र स्वास्थ्य प्रविधि, तथ्याङ्क र अभिलेख

५०. **तथ्याङ्क संकलन र अभिलेखीकरणः** (१) नगरपालिकाले आफ्नो क्षेत्रमा घरपरिवार तहसम्मको स्वास्थ्य सम्बन्धी तथ्याङ्क र अभिलेख संकलन गरी नियमित रूपमा अद्यावधिक गर्ने पद्धति विकास गर्नेछ।

(२) नगरपालिका क्षेत्रभित्रका सबै स्वास्थ्य संस्थाले तोकिएको व्यहोराको रोग, बिरामी तथा सेवासम्बन्धी तथ्याङ्क र अभिलेख नगर स्वास्थ्य सूचना प्रणालीमा नियमित रुपमा अद्यावधिक गराउनुपर्नेछ।

(३) प्रत्येक स्वास्थ्य संस्थाले आफ्नो स्वास्थ्य संस्थामा जन्मेको शिशुको अभिलेख अनिवार्य रुपमा राख्नुपर्नेछ।

(४) नगरपालिका वा इजाजतपत्रप्राप्त स्वास्थ्य संस्था वा अनुमति प्राप्त स्वास्थ्यकर्मीले सङ्कलन गरेको स्वास्थ्यसँग

सम्बन्धित व्यक्तिगत सूचना, कागजात तथा अभिलेखको गोपनीयताको सुनिश्चित गर्नु सम्बन्धित स्वास्थ्य संस्था तथा नगरपालिकाको दायित्व हुनेछ।

(५) नगरपालिका तथा वडा तहका स्वास्थ्य सम्बन्धी सूचकाङ्कहरू नियमित रूपले अद्यावधिक गरी सार्वजनिक गर्नेछ।

(६) कार्यपालिकाले स्वास्थ्य सम्बन्धी सूचना प्रादेशिक तह तथा संघीय तहका स्वास्थ्य हेर्ने निकायमा आवश्यकता अनुसार उपलब्ध गराउनेछ।

(७) शाखाले आवधिक रूपमा नगर स्वास्थ्य सर्वेक्षण गर्नेछ।

५१. **जानकारी दिनुपर्नेः** बिरामीलाई आफ्नो उपचार सम्बन्धी सम्पूर्ण जानकारी पाउने हक हुनेछ । सो जानकारी उपलब्ध गराउनु स्वास्थ्य संस्थाको कर्तव्य हुनेछ।

परिच्छेद - १२

आकस्मिक स्वास्थ्य सेवा

५२. **आकस्मिक सेवाबाट बन्देज नगरिनेः** (१) नगरपालिका क्षेत्रमा सञ्चालित कुनै पनि स्वास्थ्य संस्थामा कुनै पनि बिरामी व्यक्तिलाई आकस्मिक स्वास्थ्य सेवा प्राप्त गर्न बन्देज गरिने छैन।

(२) स्वास्थ्य सेवा प्रदायक वा स्वास्थ्यकर्मीले आवश्यकता अनुसार कुनै पनि व्यक्तिलाई जीवनरक्षा गरी स्थीर अवस्थामा ल्याउनेसम्म आकस्मिक उपचार गर्नु प्रत्येक स्वास्थ्य संस्था

एवम् स्वास्थ्यकर्मीको कर्तव्य र दायित्व हुनेछ ।

(३) स्वास्थ्य संस्थाले आकस्मिक स्वास्थ्य सेवा व्यवस्थित गर्नको लागि बिरामीको अवस्थाको गम्भीरताको आधारमा वर्गीकरण गरी प्राथमिकता तोकी उपचार गर्न सक्नेछ।

(४) उपदफा (१) को आकस्मिक उपचार खर्च व्यवस्थापन गर्नको लागि नगरपालिकाले छुट्टै आकस्मिक उपचार कोषको व्यवस्था गर्नेछ।

५३. एम्बुलेन्स तथा शवबाहन सेवाः (१) नगरपालिकाले नेपाल सरकारले तोकेको प्रचलित मापदण्ड बमोजिम एम्बुलेन्स तथा शवबाहन सेवा सञ्चालन गर्न सक्नेछ।

(२) नगरपालिका क्षेत्रभित्र आधारित भई सञ्चालन हुने एम्बुलेन्स संचालकले शाखामा दर्ता तथा वार्षिक नवीकरण गराउनु पर्नेछ।

(३) शाखाले नगरपालिका क्षेत्रभित्र आधारित भई सञ्चालन हुने एम्बुलेन्स तथा शवबाहन नेपाल सरकारले तोकेको मापदण्ड अनुरूप भए नभएको अनुगमन तथा नियमन गर्नेछ ।

(४) नगरपालिकाले अन्य स्थानीय सरकारसँगको सहकार्यमा एम्बुलेन्स/शवबाहन सञ्चालन तथा संजाल निर्माण गर्न सक्नेछ।

(५) उपदफा (२) र (३) बमोजिम दर्ता तथा नवीकरण नभएका र मापदण्ड विपरीत एम्बुलेन्स कार्यपालिकाले नियन्त्रणमा लिन सक्नेछ।

परिच्छेद - १३

प्रेषण तथा उपचार प्रणाली

५४. **प्रेषण तथा उपचार प्रणालीः** (१) स्वास्थ्य सेवा प्राप्त गर्नको लागि सेवाग्राही आफ्नो अनुकूल पायक पर्ने स्वास्थ्य संस्थामा उपस्थित हुन सक्नेछ।

(२) उपदफा (१) बमोजिम उपचारको लागि आएको बिरामीलाई उपचार प्रदान गर्न नसकिने अवस्था भएमा त्यस्तो स्वास्थ्य संस्थाले तुरुन्त त्यस्तो बिरामीलाई उपचार प्रदान गर्नसक्ने स्वास्थ्य संस्थामा प्रेषण गर्नुपर्नेछ।

(३) कार्यपालिकाले संघीय तथा प्रादेशिक कानुन, नियम तथा मापदण्ड समेत ध्यानमा राखी विभिन्न स्वास्थ्य संस्थामा हुने उपचार प्रणालीलाई संयोजन गर्न प्रेषण प्रणाली लागु गर्नेछ।

परिच्छेद - १४

दण्ड, जरिवाना र क्षतिपूर्ति

५५. **कसूर गरेको मानिनेः** (१) कसैले देहाय बमोजिमका कार्य गरेमा यो ऐन अन्तर्गतको कसुर गरेको मानिनेछः–

(क) दफा १९ बमोजिम इजाजतपत्र नलिई स्वास्थ्य संस्था सञ्चालन गरेमा,

(ख) स्वास्थ्य उपचार सेवा प्रदान गर्न इन्कार गरेमा,

(ग) स्वास्थ्य संस्थाले आधारभूत स्वास्थ्य

सेवा तथा स्वास्थ्य संस्थामा उपलब्ध हुने आकस्मिक उपचार नगरेमा,

(घ) दफा ६८ को उपदफा (२) बमोजिम व्यवहार नगरेमा,

(ङ) दफा ५० को उपदफा (४) बमोजिम गोपनीयता कायम नगरेमा,

(च) स्वास्थ्यकर्मी वा सेवा प्रदायकलाई यो ऐन अन्तर्गतको कर्तव्य निर्वाह गर्न बाधा व्यवधान उत्पन्न गरेमा,

(छ) स्वास्थ्यकर्मी वा स्वास्थ्य संस्थालाई यो ऐन बमोजिम सूचना वा जानकारी गराउनु पर्ने व्यक्तिले त्यस्तो सूचना वा जानकारी उपलब्ध नगराएमा,

(ज) स्वास्थ्यकर्मी वा सेवा प्रदायकलाई जानीजानी गलत सूचना उपलब्ध गराएमा,

(झ) स्वास्थ्यकर्मी वा स्वास्थ्य संस्थालाई झुक्याउन अर्को व्यक्ति भएको बहाना गरेमा,

(ञ) यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम, मापदण्ड, निर्देशिका तथा कार्यविधि बमोजिम जारी भएको सूचना पालना नगरेमा,

(ट) दफा २७ बमोजिम खाद्य पदार्थ तथा

पानीको गुणस्तरका कारण जनस्वास्थ्यमा प्रतिकूल प्रभाव पारेमा,

(ठ) दफा २८ विपरीत कसैले विज्ञापन गरेको पाइएमा,

(ड) यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम, मापदण्ड, निर्देशिका तथा कार्यविधि विपरितको अन्य कुनै कार्य गरेमा।

(२) उपदफा (१) को खण्ड (क) बमोजिमको कसूर गरेमा संघीय जनस्वास्थ्य सेवा ऐन, २०७५ बमोजिम हुनेछ।

(३) उपदफा (१) को खण्ड (ख), (ग), (घ), (ङ), (च), (छ), (ज), (झ), (ञ), (ट) र (ड) बमोजिमको कसुर गरेमा पच्चीस हजारदेखि पचास हजारसम्म जरिवाना हुनेछ।

(४) उपदफा (१) को खण्ड (ठ) बमोजिमको कसुर गरेमा विज्ञापन प्रशारण गर्नेलाई दश हजार रुपैयाँ जरिवाना हुनेछ।

(५) दण्ड, सजाय र जरिवाना सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।

५६. **क्षतिपूर्ति दिनुपर्ने** : (१) नगरपालिकाभित्र कुनै व्यक्ति वा संस्थाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिका वा मापदण्ड विपरीतका गतिविधिले अन्य व्यक्तिको स्वास्थ्यमा प्रत्यक्ष रूपमा प्रतिकूल असर गरेमा त्यस्तो कार्यबाट पीडित व्यक्ति वा संस्थाले आफूलाई पुग्न गएको क्षति बापत कार्यपालिका वा तोकिएको निकायबाट क्षतिपूर्ति भराई पाउन निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम परेको निवेदन सम्बन्धमा

छानबिन तथा जाँचबुझ गर्दा निवेदकलाई हानी नोक्सानी भएको ठहरेमा क्षतिको एकिन गरी त्यसरी हानी नोक्सानी पुर्‍याउने व्यक्ति, संस्था वा प्रस्तावकबाट पीडितलाई मनासिब क्षतिपूर्ति भराई दिनुपर्नेछ ।

५७. मुद्दा र पुनरावेदन: (१) यस ऐन अन्तर्गत सजाय हुने कसुर सम्बन्धी मुद्दा प्रचलित कानुन बमोजिम हुनेछ ।

परिच्छेद १५

स्थानीय जनस्वास्थ्य बोर्ड

५८. नगरस्तरीय जनस्वास्थ्य बोर्डको गठनः (१) नगरपालिकाले जनस्वास्थ्यसँग सरोकार निकायका उच्च अधिकारीहरु तथा विज्ञहरुको संलग्नता हुने गरी निम्न बमोजिमको जनस्वास्थ्य परिषद वा बोर्ड स्थापना गर्नेछ ।

(क)	नगरपालिका प्रमुख-	अध्यक्ष
(ख)	नगरपालिका उपप्रमुख -	सदस्य
(ग)	प्रमुख प्रशासकीय अधिकृत -	सदस्य
(घ)	स्थानीय स्वास्थ्य क्षेत्र हेर्ने समिति प्रमुख -	सदस्य
(ङ)	आयुर्वेद शाखा प्रमुख -	सदस्य
(च)	कानुन शाखा प्रमुख -	सदस्य
(छ)	नगरपालिका अन्तर्गत कार्यरत चिकित्सक/	

स्वास्थ्यकर्मीमध्ये अध्यक्षले तोकेको २ जना

- सदस्य

(ज) समितिले मनोनित गर्ने जनस्वास्थ्य बिषयमा विशेषज्ञता हासिल गरेका २ जना - सदस्य

(झ) स्थानीय स्वास्थ्य शाखा प्रमुख

- सदस्य सचिव

(२) बोर्डको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) बोर्डले देहायका कार्य गर्नेछः

(अ) स्थानीयस्तरमा स्वास्थ्य सुरक्षा, सम्बर्द्धन, प्रसार र सुधार सम्बन्धी नीति निर्धारण गर्ने,

(आ) स्वास्थ्य सेवाको क्षेत्रमा समानुपातिक वितरणको आधारमा प्राथमिकताका क्षेत्रहरु निर्धारण गर्ने,

(इ) राष्ट्रिय स्वास्थ्य योजना र नीति तर्जुमाको अनुशरण गर्ने गराउने,

(ई) जनस्वास्थ्य सम्बन्धी राष्ट्रिय रणनीति, ढाँचा वा नियमनहरुलाई स्थानीयस्तरमा लागु गर्न सम्बन्धित क्षेत्र वा निकायलाई आवश्यक निर्देशन तथा अनुगमन

गर्ने,

(उ) रोगहरुको रोकथाम, प्रबर्द्धनात्मक कार्य लगायत जनस्वास्थ्यको सुधार सम्बन्धी कुनै पनि विषयमा प्रदेश तथा संघीय सरकारसँग आवश्यक सहयोग तथा परामर्श लिने ।

(ऊ) तोकिए बमोजिमको अन्य कार्य गर्ने।

(ख) बोर्डले स्वास्थ्यसँग सम्बन्धित कुनै विषयमा सुझाव प्रस्तुत गर्न समिति वा उप-समिति गठन गर्न सक्नेछ।

(३) बोर्ड (परिषद्) सम्बन्धी अन्य कार्यविधि परिषद् आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

५९. <u>नगरस्तरीय नागरिक आरोग्य समितिको गठन</u>: (१)नगरपालिकाले आयुर्वेद तथा वैकल्पिक चिकित्सा मार्फत् नगरबासीको स्वास्थ्य प्रबर्द्धनको लागि निम्न बमोजिमको नागरिक आरोग्य समिति गठन गर्नेछ ।

(क) नगरपालिका प्रमुख - संयोजक

(ख) नगरपालिका उपप्रमुख - सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(घ) स्थानीय स्वास्थ्यक्षेत्र हेर्ने समिति प्रमुख - सदस्य

(ङ) आधारभूत अस्पताल प्रमुख - सदस्य

(च) आयुर्वेद अस्पताल प्रमुख - सदस्य

(छ) स्थानीय स्वास्थ्य शाखा प्रमुख- सदस्य

(ज) समितिले मनोनित गर्ने आयुर्वेद, योग ध्यान तथा वैकल्पिक चिकित्सा क्षेत्रमा सक्रीय व्यक्तिबाट एकजना - सदस्य

(झ) आयुर्वेद शाखा प्रमुख - सदस्य सचिब

(२) समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) स्थानीयस्तरमा स्वास्थ्य प्रबर्द्धन सम्बन्धी कार्यक्रम बनाउने र कार्यान्वयन गराउने,

(ख) कार्यक्रमको लागि श्रोत साधनको व्यवस्था गर्ने,

(ग) स्वयंसेवक र अभियन्ताहरुको परिचालन गर्ने,

(घ) नसर्ने रोग र मानसिक स्वास्थ्य सम्बन्धी जनचेतना तथा अभिमुखीकरण सम्बन्धी कार्यक्रम गर्ने गराउने,

(ङ) नगरस्तरीय योग, ध्यान, आयुर्वेदिक जीवनशैली, स्वस्थकर आहार सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्ने गराउने,

(च) जडिबुटी परिचय, बगैंचा निर्माण,

विद्यालयस्तरमा नागरिक आरोग्य कार्यक्रम सञ्चालन गर्ने गराउने,

(च) प्रादेशिक र संघीय नागरिक आरोग्य समितिसँग सहकार्य गरी थप कार्यक्रम गर्ने ।

(३) प्रत्येक वडामा एक वडास्तरीय नागरिक आरोग्य समिति रहनेछ । वडास्तरीय नागरिक आरोग्य समितिको गठन र कार्य विवरण तोकिएबमोजिम हुनेछ ।

परिच्छेद १६

विविध

६०. **समन्वय गर्नेः** राष्ट्रिय तथा प्रादेशिक अभियानमा स्थानीय सरकारले समन्वय र सहयोग पुर्‍याउने छ।

६१. **नियम बनाउन सक्नेः** यस ऐनको कार्यन्वयनको लागि कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ र त्यस्तो नियम नगरपालिकाले स्थानीय राजपत्रमा प्रकाशन भएपछि लागु हुनेछ ।

६२. **मापदण्ड, निर्देशिका र कार्यविधि बनाउन सक्नेः** यस ऐनको कार्यान्वयनको लागि कार्यपालिकाले आवश्यक मापदण्ड, निर्देशिका र कार्यविधि बनाउन सक्नेछ।

६३. **स्वास्थ्य कार्यक्रम सञ्चालन गर्ने** : कार्यपालिकाले लक्ष्य निर्धारण गरी योजना निर्माण, कार्यान्वयन, मूल्याङ्कन तथा समीक्षाको कार्यतालिका बनाई आवश्यकता अनुसार स्वास्थ्य/जनस्वास्थ्य सम्बन्धी प्रबर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक तथा

पुनर्स्थापना सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्नेछ ।

६४. **पोषण कार्यक्रम सञ्चालन गर्ने :** (१) कार्यपालिकाले गर्भवती महिला, आमा र शिशुको लागि पोषण सुरक्षा कार्यक्रमको सञ्चालन र प्रबर्द्धन गर्नेछ।

(२) कार्यपालिकाले योजना बनाई स्तनपान प्रबर्द्धनका कार्यक्रम सञ्चालन गर्नेछ।

(३) कार्यपालिकाले योजना बनाई नगरपालिका क्षेत्रभित्र कुपोषणको पहिचान, न्यूनीकरण, रोकथाम, नियन्त्रण र व्यवस्थापनका साथै अतिकुपोषित बालबालिकाको पुनर्स्थापनाको कार्यक्रम संचालन गर्नेछ।

६५. **सामाजिक सुरक्षा र स्वास्थ्य बीमाः** (१) नगरपालिका क्षेत्रका सबै वासिन्दालाई स्वास्थ्य बीमा ऐनले तोकेबमोजिम अनिवार्य स्वास्थ्य बीमामा आबद्ध गराउनु कार्यपालिकाको दायित्व हुनेछ ।

(२) कार्यपालिकाले सम्बन्धित निकायसँगको सहकार्यमा सामाजिक सुरक्षा सम्बन्धी जनचेतनाका कार्यक्रम संचालन गर्न सक्नेछ ।

(३) कार्यपालिकाले आर्थिक रूपले विपन्न तथा तोकिएका अन्य लक्षित समूहको स्वास्थ्य बीमा गराउन र अन्य सामाजिक सुरक्षाका कार्यक्रममा सहभागी गराउन आर्थिक व्यवस्थापनको लागि प्रादेशिक तथा संघीय तहका निकायहरूसँग समन्वय गर्नेछ ।

(४) महिला, बालबालिका, किशोर किशोरी, दलित, अपाङ्गता भएका व्यक्ति, अशक्त, ज्येष्ठ नागरिक र अन्य लक्षित समूहहरूका लागि कार्यविधि बनाई कार्यपालिकाले विशेष सामाजिक स्वास्थ्य सुरक्षा कार्यक्रमहरू सञ्चालन गर्न सक्नेछ ।

(५) कार्यपालिकाले विशेष संरक्षणको आवश्यकता भएका महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका, अशक्त र अन्य लक्षित समुहहरूका लागि प्रदेश तथा संघको समन्वयमा आवश्यक संरक्षणको व्यवस्था गर्न सक्नेछ ।

६६. अधिकार प्रयोग गर्न सक्नेः यस ऐनमा सभाले गर्ने भनी तोकेको बाहेक अन्य अधिकारहरू कार्यपालिकाले प्रयोग गर्न सक्नेछ।

६७. सेवाग्राहीको कर्तव्य : (१) नियमित रुपमा आफूलाई पायक पर्ने स्वास्थ्य संस्थामा गई स्वास्थ्य परीक्षण गराउनु तथा राय सुझाब लिनु नागरिकको कर्तव्य हुनेछ।

(२) आफ्नो स्वास्थ्यको सम्बन्धमा सचेत रहने र चिकित्सक तथा स्वास्थ्यकर्मीलाई मर्यादित एवं शिष्ट व्यवहार गर्नु नगरपालिकाभित्रका प्रत्येक नागरिकको कर्तव्य हुनेछ।

(३) मानसिक स्वास्थ्य समस्या भएका व्यक्तिहरुलाई कसैले पनि बाँधेर राख्ने वा खोरमा थुन्ने जस्ता कार्य गर्न पाईनेछैन । त्यस्ता व्यक्तिहरूको बारेमा कार्यपालिकालाई सूचना दिने, स्वास्थ्य संस्थामा लैजाने, उपचार गर्ने गराउने, उपचार खर्च दिने र स्वस्थ रहन तथा उपचार गर्ने कार्यमा सहयोग तथा सहजीकरण गर्नु प्रत्येक संरक्षकको दायित्व हुनेछ ।

६८. सेवा प्रदायक र स्वास्थ्यकर्मीको दायित्वः (१) नागरिकलाई शिष्ट र मर्यादित रुपमा स्वास्थ्य सेवा प्रदान गर्नु सेवा प्रदायकको दायित्व हुनेछ ।

(२) यस ऐन बमोजिम उपचार गर्दा सबै सेवाग्राहीप्रति समान व्यवहार गर्नु र भेदभाव नगरी सेवा दिनु स्वाथ्यकर्मीको कर्तव्य हुनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि बिरामीको अवस्थाको आधारमा सेवा प्रदायकले उपचार गर्दा प्राथमिकीकरण गर्नसक्नेछ ।

(४) स्वास्थ्यकर्मीलाई पेशागत सुरक्षा र कार्यमैत्री वातावरणको हक हुनेछ।

६९. **स्वास्थ्य सेवा अवरुद्ध गर्न नपाईने**ः स्वास्थ्य सेवा अत्यावश्यक सेवा भएकोले कुनै पनि स्वास्थ्य संस्थामा नियमित र आकस्मिक सेवा अवरुद्ध गर्न पाईने छैन ।

७०. **गुनासो व्यवस्थापन**ः कार्यपालिकाले स्वास्थ्य सेवा, सरसफाई र जनस्वास्थ्यसँग सम्बन्धित गुनासो र उजुरीको संकलन गर्ने र त्यसको सम्बोधनको लागि सिफारिस गर्न एक अधिकारी तोकिने छ ।

७१. **प्रचलित कानून बमोजिम हुने**ः यस ऐनमा लेखिएजति विषय यसै ऐन बमोजिम र यस ऐनमा नतोकिएका विषयको हकमा प्रचलित कानुन बमोजिम हुनेछ।

७२. **क्षतिपूर्ति दिनुपर्ने**ः नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाको गतिविधिले अन्य व्यक्तिको स्वास्थ्यमा प्रत्यक्ष रूपमा प्रतिकूल असर गरेमा निजलाई न्यायिक समितिले क्षतिपूर्ति दिलाउन सक्नेछ।

७३. **परामर्श लिन सक्ने**ः कार्यपालिका, सभा वा शाखाले यस ऐनको कार्यान्वयनको लागि सम्बन्धित विषयका विज्ञसँग सल्लाह र परामर्श लिन सक्नेछ ।

७४. **अधिकार प्रत्यायोजन गर्न सक्ने**ः कार्यपालिकाले यस ऐन अन्तर्गत

तोकिएका जिम्मेवारी तथा अधिकार शाखामा प्रत्यायोजित गर्न सक्नेछ।

७५. **<u>सेवा प्रवाह अवधारणाः</u>** स्वस्थ शहर अवधारणाबाट सेवा प्रवाह गरिनेछ।

७६. **<u>खारेजी र बचाऊः</u>** स्थानीय स्वास्थ्य सेवा ऐन, २०७५ खारेज गरिएको छ। सो ऐन बमोजिम भए गरेका काम कारवाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

प्रमाणीकरण मितिः २०८२ पौष ११ गते
मूल्य रू. २०/-

आज्ञाले
सुरेन्द्र थापा मगर
प्रमुख प्रशासकीय अधिकृत